# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– १८, जेठ २०६२, (May, 2005) काठमाडौं


## भर्ना अभियानपछि विद्यालयमा टिकाउने समस्या

रौतहटको कृषक समूह प्राथमिक विद्यालय, जुडिवेलाका प्रधानाध्यापक रमेश तिवारीले बालबालिकालाई भर्ना भएको पहिलो दिन नै पाठ्यपुस्तक र विभिन्न छात्रवृत्ति दिनुपर्छ भन्ने जानकारी त्यसबेला मात्र थाहा पाए जतिखेर उनले घरदैलो अभियानको नेतृत्व समेत गरेर करिब सय जनाको भर्ना गरिसकेका थिए ।

धनुषाको राजर्षी जनक बाल राष्ट्रिय प्राथमिक विद्यालय, झुलघरका प्रधानाध्यापक योग्यनारायण झा यतिखेर अप्ठेरोमा परेका छन् । सबैले भर्ना भएको पहिलो दिन बालबालिकाले छात्रवृत्ति र पाठ्पुस्तक पाउने सुनेर विद्यालयमा भर्ना गर्न आएको उनीसँग बताए । त्यसबाहेक अन्य सुविधाहरू वितरण गरिने सुनेर अभिभावकहरू आउने गरेको तर विद्यालयको खातामा त्यस्तो खालको रकम जम्मा नगरिदिंदा अभिभावकहरूलाई अनुरोध गरेर ल्याइएका विद्यार्थीलाई टिकाउन गाह्रो भएको छ । उनी अहिले अभिभावकहरूले आफ्ना बालबालिकाले पाउने सुविधा शिक्षकले नै नदिएको दोष खेप्नुपरेको गुनासो गर्दै शिक्षा कार्यालय धाउन थालेका छन् ।

शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभागले यो शैक्षिक सत्रको सुरुमा सबैका लागि शिक्षा सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गरेपछि अधिकांश विद्यालयमा यो समस्या देखापरेको हो । शिक्षा विभागले आभियानको घोषणाका साथै विद्यालयमा परिवारको पहिलो सदस्य भर्ना भएकै दिन पाँच सय रुपैयाँ वृष्टर छात्रवृत्ति र पाठ्यपुस्तक उपलब्ध गराउने वचन दियो । तर, जिल्ला शिक्षा कार्यालयहरू सो अनुसारको बजेट विद्यालयको नाममा दिन भर्ना अभियानको एक महिनापछि पनि तयार छैनन् । शिक्षा कार्यालय भने विद्यालयले भर्ना विवरण नपठाएसम्म पुस्तक र छात्रवृत्तिको रकम नपठाउने अडानमा बसिरहेको अवस्था छ । रौतहटका जिल्ला शिक्षा अधिकारी सदानन्द झा विवरण नआएसम्म कुनै पनि रकम नदिने घोषणा सार्वजनिक रुपमा नै गरिरहेका छन् ।

विभिन्न माध्यमबाट प्राप्त भएको सूचनाका आधारमा शिक्षा कार्यालयमा पुग्ने व्यक्तिहरू भर्ना विवरण पहिला पेस गर्नुपर्ने प्रस्ताव राखिएकोले पनि अभियानलाई शिक्षा कार्यालयले नै विभिन्न बहानामा अप्ठेरोमा पारेको बताउँछन् । विभाग एउटा घोषणा गर्ने र प्रचार-प्रसार गर्ने तर शिक्षा कार्यालयले विभिन्न प्रक्रियाका बहानामा रोक्नाले यो अभियान विभाग र शिक्षा कार्यालयको चेपुवामा परिरहेको छ । शिक्षा कार्यालय विद्यालयमा धेरै विद्यार्थी आएको खण्डमा आउने समस्याका कारण यो अभियानलाई औपचारिकताका रुपमा मात्र देखाउने अवस्थामा रहेको आरोप लागेको छ । विभिन्न जिल्लाका जिल्ला शिक्षा अधिकारीहरूले भर्ना अभियान सफल भएपछि थप समस्या आउला कि भनेर डराउनुले यो कुराको पुष्टि भएको छ । यो अभियान शिक्षा कार्यालयको समेत अभियान भएपनि गैरसरकारी संस्थाहरूले गरिदिएको कामबाट जस लिने होडबाजीमा मात्र अधिकारीहरू लाग्ने गरेका छन् ।

आवश्यक परिपत्र र बजेटको अभावमा धेरै जिल्लामा गत वर्षको पुस्तकको अझैसम्म भुक्तानी शिक्षा कार्यालयले अझै दिनसकेको छैन । पहिलो दिन नै दिने भनिएको पुस्तकको कुरा एक वर्षपछि पुग्ने अवस्था देखिइसकेको छ । यो राष्ट्रिय अभियान नीतिनिर्माता र कार्यान्वयन गर्ने निकायबीचको खिचातानीमा पर्नुले अभियानबाट आशा राखेको परिणाम नदेखिनुलाई स्वभाविक रुपमा लिन थालिएको छ ।

● भूपराज खड्का

## पर्साका चालीस प्रतिशत बालबालिका विद्यालय बाहिर, भर्ना अभियान सञ्चालन

वीरगञ्ज । पर्सा जिल्लामा विद्यालय जाने उमेर पुगेका चालीस प्रतिशत बालबालिकाहरू विद्यालयको पहुँचभन्दा बाहिर रहेका कारण विद्यार्थी भर्ना अभियानपछि पनि विभिन्न कार्यक्रमहरू जारी राखिएको छ । जिल्लामा प्राथमिक तहमा विद्यालय जाने उमेरका ५ देखि ९ वर्षसम्मका बालबालिकाको संख्या ७६ हजार रहेको छ । गतवर्षको तथ्याङ्कमा तीमध्ये करिब ३० हजार बालबालिका विद्यालय बाहिर रहेका छन् । उनीहरूको विद्यालयसम्म पहुँच पुर्याउनको लागि शिक्षा कार्यालयले विशेष कार्यक्रम सञ्चालन गरेको जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेलले बताउनुभयो ।

श्री ५ को सरकारले आधारभूत तथा प्राथमिक शिक्षा उपलब्ध गराउन सन् २००४ देखि २००९ सम्मको लागि पञ्चवर्षीय योजना सार्वजनिक गरेको छ । यस अवधिमा शिक्षाबाट वञ्चित बालबालिकासम्म प्राथमिक शिक्षाको पहुँच पुर्याउने र समानता सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गरी शिक्षकहरूको कार्यदक्षता र संस्थागत क्षमता बढाउने खालका योजना तर्जुमा गरेको छ ।

पञ्चवर्षीय कार्यक्रम अन्तरगत जिल्ला शिक्षा कार्यालय, पर्साले जिल्लाभरी एक हजार ३ सय ५७ वटा बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ । चालू शैक्षिक सत्रमा शिक्षा कार्यालयमार्फत् ७५ वटा प्राथमिक बालविकास केन्द्र स्थापना गरी ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकालाई पूर्वप्राथमिक शिक्षा उपलब्ध गराउने कार्यक्रम राखिएको स्रोतव्यक्ति इन्द्रजीत श्रीवास्तवले बताउनुभयो ।

पर्सा जिल्लामा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाको संख्या ३४ हजार रहेको छ । यीमध्ये १७ हजार २ सय ६ बालक र १६ हजार ८ सय ७९ बालिकाहरू रहेका छन् । यस वर्ष १ हजार ९ सय बालबालिकालाई पूर्व प्राथमिक शिक्षा उपलब्ध गराउने तयारी भइरहेको स्रोतव्यक्ति श्रीवास्तवले बताउनुभयो ।

विद्यालय भर्ना भएका सबै दलित छात्राहरू र भर्ना हुनबाट छुटेका दलित छात्रामध्ये ५० प्रतिशतलाई प्रतिविद्यार्थी २ सय ५० रुपैयाँका दरले दिने मापदण्ड तोकिएको शिक्षा कार्यालयले जनाएको छ । छात्रवृत्तिको रकम एकमुष्ठ विद्यालयलाई उपलब्ध गराइएको र यसपटक भर्नासँगै विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको शिक्षा कार्यालयका स्रोतव्यक्ति श्रीवास्तवले जनाउनुभयो ।

पर्सा जिल्लामा रहेका कूल विद्यालयमध्ये ४२ प्रतिशत विद्यालयहरूमा मात्र शौचालय सुविधा छ । शौचालय नभएकै कारण अधिकांश बालिकाहरूले लाजका कारण बीचमै विद्यालय छोड्ने गरेकोले युनिसेफको सहयोगमा विद्यालयमा शौचालय निर्माण गर्ने कामसमेत भैरहेको बताइएको छ ।

यसैगरी ९५ दशमलव ८ प्रतिशत विद्यालयमा खानेपानी, ९५ दशमलव ३ प्रतिशत विद्यालयमा पाठ्यपुस्तक र १६ दशमलव ९ प्रतिशत विद्यालयमा पुस्तकालय सुविधा उपलब्ध रहेको स्रोतव्यक्ति श्रीवास्तवले जानकारी दिनुभयो ।

● गोविन्द देवकोटा

## छात्रवृत्तिको रकमले बल्ल पोशाक

पाल्पा । विद्यालय स्थापना भएको ४४ वर्ष हुँदासम्म पोशाक अनिवार्य गराउन सकिएको थिएन । अहिले भने सबैको एउटै पोशाक बनेको छ । सदरमुकामस्थित प्राथमिक विद्यालय भगवतीस्थानका विद्यार्थीहरूको पोशाकमा पहिलोपटक एकरुपता आएको हो ।



पाल्पाको सदरमुकाम तानसेनमा रहेको भगवतीस्थानस्थित प्राथमिक विद्यालय स्थापनाको ४४ वर्षपछि बल्ल विद्यार्थीहरूलाई पोशाक अनिवार्य गराउन सफल भएको छ । पोशाक विद्यालयकै पहलमा अनिवार्य गरिएपछि विद्यार्थीहरू ।

विद्यालयका प्रधानाध्यापक अच्युत शर्मा भन्छन्, "सबै विद्यार्थी एउटै ड्रेसमा आउँदा त विद्यालय नै उज्यालो भएको अनुभव भएको छ ।" अभिभावकले आफैं किनेर भने त्यो एकरुपता आएको हैन । यहाँका विद्यार्थीलाई शिक्षक र अभिभावकको भेलाले विद्यालयले दिने विभिन्न छात्रवृत्तिको रकम छुट्याएको र पोशाकको लागि नपुग रकम विद्यालयले व्यहोर्ने गरी पोशाक खरिद गरिदिएको हो ।

"समितिको बैठकमा पहिला त निकै जोड गर्नुपरेको थियो," विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शंकरप्रसाद गैरेले भने, "अहिले सबै खुसी नै छन् ।" विद्यालय व्यवस्थापन समितिको गत चैत ९ गते बसेको बैठकले सबै छात्रछात्राको लागि छात्रवृत्तिको रकमबाट ड्रेसको व्यवस्था गर्ने निर्णय गरेको हो ।

विद्यार्थीहरू पोशाकमा सजिएर विद्यालय आउन पाउँदा कम्ति फुरुङ्ग छैनन् । तानसेन कैलाशनगरका कक्षा तीनका छात्र सुरज बोटे भन्छन्, "छात्रवृत्तिको रकम नै लिएको भए यही लाउन पनि पाइँदैनथ्यो ।" उनी मात्र होइन अर्काको घरमा काम गरेर पढ्ने राजन बराल पनि विद्यालयले दिएको पोशाकवाट निकै खुसी भएको बताउँछन् ।

"हरेक वर्ष विद्यालय पोशाक किन्न भन्यो, कसैले पनि किन्दैन । गरिबीसँग जोडिएको यो समस्या अब अन्त्य गरेका छौं ।" प्रअ शर्माले भने, "विद्यालय व्यवस्थापन समिति र शिक्षकको जुक्ति राम्रै भएको छ ।" छात्रवृत्तिको रकम र विद्यालयले पाउने विभिन्न अनुदानबाट पोशाक सिलाएर विद्यालयले नै वितरण गरेको थियो ।

कक्षा ५ सम्म पढाइ हुने यो विद्यालयमा विद्यालयले १ सय ५० थान पोशाक विद्यार्थीलाई प्रदान गरेको छ । विद्यालयले पोशाक वितरण गरेपछि अर्को एउटा नयाँ समस्या भने थपिएको छ । विद्यार्थीहरूले पोशाक लिने तर विद्यालय नियमित नआउने समस्या पनि अत्याधिक छ । "पोशाक लिनलाई भर्ना हुने र पढ्न नआउने समस्या पनि छ," शर्माले भने । अर्काको घरमा काम गर्ने, ज्याला मजदुरी गर्ने, सडक सफा गर्ने लगायत निकै गरीब परिवारका विद्यार्थीले अध्ययन गर्नेहुँदा पनि विगतमा पोशाक अनिवार्य गर्न नसकिएको उनले बताए । सदरमुकाममा अन्य विद्यालयमा टाई समेतको पोशाक लगाएर विद्यार्थी विद्यालय जाँदा यहाँ भने झुत्रा कपडा लगाएर विद्यालय आउने गर्थे- उनको भनाइ छ ।

विद्यार्थीलाई दिइने छात्रवृत्ति अभिभावकले खर्च गरिदिंदा सदुपयोग हुन सकेको थिएन । विद्यालयमा विद्यार्थीको लागि प्रतिविद्यार्थी एकसय रुपैयाँ आउने गर्छ । विद्यालयमा बालिका छात्रवृत्ति २५ जनालाई र दलित छात्रवृत्ति २१ जनाले पाएका छन् । बाँकी रकम विद्यालयको कोषबाट खर्च गरिएको छ ।

● माधव अर्याल

## प्रतिबद्धतापछि पनि शैक्षिक क्षेत्रमा द्वन्द्व कायमै

डडेल्धुरा । द्वन्द्वात्मक दुवै पक्षद्वारा शिक्षालाई शान्तिक्षेत्रको रुपमा तोकिनुपर्ने भनाइहरू पटक-पटक व्यक्त गरिए पनि यसलाई व्यवहारमा उतार्न सकिएको छैन ।

विद्रोही र सरकार दुवै पक्षले शिक्षालाई शान्तिभन्दा तनावग्रस्त बनाउन भूमिका खेलेको देखिन्छ । नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूले सम्पूर्ण शिक्षा क्षेत्रलाई जस्तोसुकै परिस्थिति सिर्जना भए पनि शान्ति क्षेत्रको रुपमा सञ्चालन गर्नुपर्ने कुरामा जोडदिए पनि व्यवहारमा लागू भएको छैन । यसको कारण हजारौं बालबालिकाहरू बिचल्लीमा परेका छन् । न त उनीहरूले पढ्ने अवसर प्राप्त गरेका छन् न त स्वतन्त्रसँग बस्न नै ।

डडेल्धुरामा जिल्लाका आतंक प्रभावित क्षेत्रहरू जोगबुडा, आलीताल, शिर्ष, समैजी, बेलापुर, चिपुर, अजयमेरुलगायत अन्य थुप्रै ठाउँबाट माओवादी विद्रोहीहरूले शिक्षक, विद्यार्थी दुवैलाई अभियानमा लग्ने र जनवादी शिक्षाका नाममा प्रवचन र तालीमहरू दिने गरेका छन् । सदरमुकाममा रहेका केही सामुदायिक विद्यालय र केही संस्थागत स्कुल मात्र सञ्चालन हुनपुगेका छन् । माओवादीले विद्यार्थी र शिक्षकलाई अपहरण गर्ने गरेको सूचना आमसञ्चारमा जतिसुकै आएपनि त्यसको वास्ता गरिएको छैन । केही साता पहिले मात्रै डडेल्धुरा जिल्लाका समैजी, आलीताल, चिपुर, बेलापुर, जोगबुडालगायत अन्य क्षेत्रमा रहेका विद्यालयका शिक्षक, विद्यार्थीलाई अपहरण गरेर लगेपछि १५ दिनपछि छोडेको थियो ।

यस जिल्लामा उच्च माध्यमिक, माध्यमिक, निम्न माध्यमिक र प्राथमिक गरेर जम्मा २ सय ३० वटा शैक्षिक संस्था रहेका छन् । तीमध्ये सदरमुकाममा अवस्थित केही शैक्षिक संस्थामात्रै सुचारु रुपले सञ्चालन हुनसकेका छन् । बाँकी विद्यालयहरू द्वन्द्वको मारमा परेका छन् । जिल्ला शिक्षा कार्यालयका एक अधिकारीले *जूनकीरी*सँग भने, "हामीलाई थाहा छ, पाएर के गर्ने सहयोग गर्न सकिएको छैन । विद्रोहीहरूले हामीलाई नै अपहरण गर्ने, धम्की दिने, मार्ने काम गर्दछन् ।"

विद्रोहीहरूले बालबालिकाको भविष्यमाथि खेलवाड गर्न थालेपछि अभिभावकहरू बढी नै चिन्तित छन् । विद्रोही पक्ष होस् वा सरकार पक्ष उनीहरूलाई बालबालिकाको भविष्यसँग खेलवाड नगर्न विभिन्न क्षेत्रबाट आग्रह भने भइरहेको छ । शिक्षासँग सम्बद्ध अन्तर्राष्ट्रिय समुदायले पनि शिक्षा क्षेत्रलाई सुचारु रुपले सञ्चालन गरिनुपर्ने कुरा आग्रह गरे पनि त्यसको सुनुवाई भएको छैन ।

गाउँमा माओवादी विद्रोहीहरूले धम्क्याउने, अपहरण गरेर लग्ने गरेपछि धेरै गाउँका विद्यार्थी, शिक्षक र अभिभावक सदरमुकाममा बस्न बाध्य भएका छन् । सदरमुकाममा कुनै कामविना त्यत्तिकै बस्नुपरेपछि उनीहरूमा बेरोजगारीको समस्या थपिएको छ । उनीहरू गाउँमा त हलो जोतेर भएपनि खान्थ्यौं, यहाँ के गर्ने भनेर दुःखेसो पोख्न थालेका छन् । गाउँमा द्वन्द्वका कारण सदरमुकाम पुगेका एक अभिभावक भन्छन्, "गाउँमा विद्रोहीहरूले अनावश्यक धम्क्याउने र उनीहरूका कुरा नमाने मारिदिने धम्की दिन्छन् ।" आफ्ना छोराछोरीलाई स्कुल पढाउन र उनीहरूको स्याहारसुसार गर्न अति नै गाह्रो परिरहेको अभिभावकहरूको दुःखेसो छ । ती अभिभावकको भनाई अनुसार, शिक्षासँग सम्वन्धित अन्तर्राष्ट्रिय समुदायले गाउँमा गएर माओवादीहरूलाई शिक्षा क्षेत्रमा यस्ता अपहरणलगायत अन्य थुप्रै क्रियाकलाप नगरिदिन आग्रह गरे केही सकारात्मक असर पर्न सक्थ्यो ।

हालै जिल्लामा कार्यरत शिक्षा पत्रकार समूहले सरकारी, गैरसरकारी र नागरिकस्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो ।

कार्यक्रममा विद्यार्थीहरूको संख्या कतिपय ठाउँमा द्वन्द्वका कारण कम भएको बताउँदै अभिभावकहरूले सबै पक्षलाई शिक्षा क्षेत्र द्वन्द्वविहीन बनाउन पहल गर्न माग गरिरहेका थिए । हाल डडेल्धुरा र सुदूरपश्चिमका अन्य जिल्लामा विद्रोहीहरूले निजी विद्यालय सञ्चालन गर्न नदिने हल्लाले सरकारी विद्यालयमा विद्यार्थीको चाप बढ्न थालेको छ । यसले सरकारी विद्यालयमा फर्निचरलगायत अन्य भौतिक सामग्रीको अभाव देखिएको छ ।

● उमेश भट्ट

यूनिसेफ र एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४२५७६५५, फ्याक्सः ४२१८६८६ इमेलः junkiri@ejg.org.np वेबसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम